कृषि तथा वन विज्ञान विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

रामपुर, चितवन

प.नि.का.च.नं.......................२०७७/०७८

मिति: २०७७।१०।०७

## परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय, कृषि संकाय अन्तर्गत **शैक्षिक सत्र** २०७६।०७७ मा संचालित **B.Sc.Ag. प्रथम सेमेष्टर** (आंगिक र सम्बन्धन प्राप्त कलेजहरु) मा भर्ना भई अध्ययनरत विद्यार्थीहरुले **नियमित परीक्षा** र विभिन्न शैक्षिक सत्रहरुमा भर्ना भई अध्ययनरत रही उक्त **प्रथम** सेमेष्टरको मौका परीक्षामा अनुत्तीर्ण भएका विद्यार्थीहरुले सो सेमेष्टरको **आंशिक परीक्षा** र वन विज्ञान संकाय अन्तर्गत **शैक्षिक सत्र** २०७५।०७६ मा संचालित **M.Sc.Forestry तेस्रो सेमेष्टरमा** अध्ययनरत विद्यार्थीहरुले उक्त सेमेष्टरको **नियमित परीक्षामा** सम्मिलित हुन **मिति** २०७७।१०।०९ देखि **मिति** २०७७।१०।२३ सम्म नियमित शुल्क र मिति २०७७।१०।२५ देखि मिति २०७७।१०।२७ सम्म बिलम्ब शुल्कमा परीक्षा आवेदन फाराम भरी कार्यालय समय भित्र सम्बन्धित संकाय/कलेजमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फाराम सम्बन्धित संकाय/कलेजबाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टांसिएको हुनु पर्नेछ ।

२. नियमित परीक्षा र आंशिक परीक्षा (**B.Sc.Ag.**) मा सम्मिलित हुनको लागि आङ्गिक कलेजको हकमा परीक्षा शुल्क रु ८५०।- र परीक्षा आवेदन फाराम शुल्क रु १००।- का दरले र सम्बन्धन प्राप्त कलेजको हकमा रु २,०००।- परीक्षा शुल्क बुझाउनु पर्नेछ । **M.Sc.Forestry** को हकमा परीक्षा शुल्क रु. १,०००।- र परीक्षा आवेदन फाराम शुल्क रु १००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको अवधिमा फाराम नभरेमा निम्न बमोजिम बिलम्ब शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७७ साल माघ २५ गते | रु.३००।- |
| २०७७ साल माघ २६ गते | रु.५००।- |
| २०७७ साल माघ २७ गते | रु.११००।- |

३. परीक्षा शुल्क र परीक्षा आवेदन फाराम शुल्क तोकिएको समयमा बुझाई परीक्षा आवेदन फाराम भरिसकेका तर तोकिएको म्याद भित्र उक्त फाराम नबुझाएमा रु. ११००।- विलम्व शुल्क बुझाए पछि मात्र फाराम बुझिलिइनेछ ।

४. आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन् ।

५. प्रवेश पत्र (**Admit Card**) परीक्षा शुरु हुन २ (दुई) दिन अगावै सम्बन्धित संकाय/कलेजबाट उपलब्ध हुनेछ ।

६. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा सम्पर्क राख्नु होला ।

७. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website** **www.afu.edu.np** बाट पनि हेर्न सकिनेछ ।

.................................

प्रा.नारायण राज जोशी

परीक्षा नियन्त्रक

**परीक्षा नियन्त्रक**